## पहुँचयुक्त अपाङ्गता सहायता कक्ष भवन निर्माण कार्य सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशित मितिः २०८१/०७/१५**

करुणा फाउण्डेसन नेपालले सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर परिसरमा रहेको जग्गामा **पहुँचयुक्त अपाङ्गता सहायता कक्ष** भवन निर्माणका लागि नेपाल सरकारमा दर्ता रहेका निर्माण कार्य गर्न योग्य फर्म वा कम्पनीबाट देहाय बमोजिमको शसर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

शिलबन्दी बोलपत्र प्रकृयामा भाग लिन देहाय बमोजिमका शर्तहरु पुरा भएको हुनु पर्नेछ ।

- न्यूनतम औसत वार्षिक निर्माण सम्बन्धी कारोवार कम्तीमा रु. पचास लाख भएको ।
- कम्तीमा एउटा पहुँचयुक्त एवम् अपाङ्गता मैत्री भवन तथा संरचना निर्माण र कुनै एउटा भवनको लागि आधारभुत तहको कार्य सम्पन्न गरेको अनुभव भएको ।

**शर्तहरुः**

१) इच्छुक योग्य फर्म वा कम्पनीले Bill of Quantity ( BOQ) , डिजाईइन तथा बोलपत्र फारम यस कार्यालयको सानिमा बैंकमा रहेको खाता नं. ९०९०११०६०००००२४ मा रू १,०००/- (अक्षरुपी एक हजार रूपैयाँ मात्र) जम्मा गरेको सक्कल भौचर पेश गरी मिति २०८१ कार्तिक २८ गते दिनको २ बजे भित्रमा यस कार्यालयको केन्द्रीय कार्यालय बालुवाटार, काठमाण्डौ तथा प्रदेश कार्यालय इटहरी, सुनसरीको प्रशासन तथा वित्त शाखाबाट खरिद गर्न सकिनेछ । खरिद भएको बोलपत्र मिति २०८१ कार्तिक ३० गते ५ बजेभित्र यस कार्यालयको केन्द्रीय कार्यालय बालुवाटार, काठमाण्डौ तथा प्रदेश कार्यालय इटहरी, सुनसरीको प्रशासन तथा वित्त शाखामा उल्लेखित प्रमाण-पत्रहरु संलग्न राखी शिलबन्दी गरी पेश गर्नु पर्नेछ। यस प्रयोजनका लागि बोलपत्र बुझाउँदा **Technical Proposal** र **Financial Proposal** छुट्टाछुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम, ठेगाना र **Technical** वा Financial Proposal के हो सो कुरा स्पष्ट लेखी दाखिला गर्नु पर्नेछ ।**Technical Proposal को मुल्याङकनमा योग्य देखिएका** फर्मको मात्र **Financial Proposal** खोलीने छ ।

२) प्राप्त भएका **Technical Proposal** हरु मिति २०८१ मसिर ४ गते मंगलबार दिनको २ बजे शिलबन्दी बोलपत्र पेश गर्ने फर्म वा कम्पनीकाो प्रतिनिधिको रोहवरमा यस कार्यालयको केन्द्रीय कार्यालय बालुवाटार, काठमाण्डौ वा प्रदेश कार्यालय इटहरी, सुनसरीमा पुर्व सुचना दिई खोलिनेछ।बोलपत्र पेश गर्ने फर्म वा कम्पनीका प्रतिनिधिको उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । **Technical Proposal** को मुल्याङकनमा योग्य देखिएका फर्महरुको Financial Proposal खोल्न मिति तय गरीने छ ।

३) शिलबन्दी बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवम् खोल्ने अन्तीम दिन सार्वजनिक विदा परेमा लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

४) बोलपत्र फारम भर्दा रकम अङ्क र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनु पर्नेछ ।

५) बोलपत्र साथ जमानत धरौटी वापत कवोल रकमको १० प्रतिशतले हुने रकम सानिमा बैंक लिमिटेडमा यस कार्यालयको नाममा रहेको खाता नं. ९०९०११०६०००००२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र

दर्ता गर्ने अन्तीम मितिबाट १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाको यस कार्यालयको नाममा जारी गरिएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

६) रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७) प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८) कार्यको विवरण निम्न कमोजिम छः

| **परियोजनाको नाम** | **भ्याट बाहेक अधिकतम लागत अनुमान (रु.) कामको संक्षिप्त विवरण** | **कैफियत** |
|---|---|---|
| पहुँचयुक्त अपाङ्गता सहायता कक्ष भवन निर्माण | ४७,५१,७२२/९६<br>१. एल आकारको भवन जसको लम्बाई ५७ फिट ७ इन्च र चौडाई ३८ फिट १०इन्च भवन भित्र दुई वटा कोठा कार्यकक्षका लागि एउटा कोठा बैठक कक्षका लागि र तिनवटा अपाङ्गता मैत्री शौचालय हुनेछ ।<br>२. भवनको फाउण्डेसन कन्क्रीटको हुनेछ भने वालहरु प्रिफ्याब प्यानलबोर्डको हुनेछ ।त्यसैगरी छाना जस्तापाताको राखि फल्ससिलिङ्ग समेत राख्नु पर्नेछ । | |

९) बोलपत्र साथ निम्न कागजात संलग्न गर्नुपर्नेछः

- फर्म/कम्पनीको अद्यावधिक दर्ता प्रमाण-पत्रको प्रतिलिपी,
- मूल्य अभिवृद्धि कर (VAT) प्रमाण-पत्रको प्रतिलिपि,
- फर्म/कम्पनीको संक्षिप्त परिचय तथा कार्यअनुभव (Firm/Company Profile),
- अद्यावधिक कर चुक्ता प्रमाण-पत्र,
- विगत तीन वर्षको औसत वार्षिक निर्माण सम्बन्धी कारोवार रु पचास लाख भन्दा माथिको भएको प्रमाणित गर्ने कागजात वा लेखापरीक्षण भएको वित्तीय विवरण,

१०) यस बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक परेमा प्रशासन तथा वित्त शाखाको फोन नं. ०१-४५१३३४०, ०१-४५१३७१९ (केन्द्रीय कार्यालय बालुवाटार काठमाण्डौ) तथा ०२५-५८०२०२, ०२५-५८८८०२ (प्रदेश कार्यालय, इटहरी, सुनसरी) वा इमेलः admin@karunanepal.org मार्फत सोमवार देखि शुक्रवार ९:३० - ५:०० बजेसम्म सम्पर्क गर्न सकिनेछ ।

११)करुणा फाउण्डेसन नेपालको website:karunanepal.org.np बाट बोलपत्र फारम, Bill of Qunatity र डिजायन Download गरी प्रयोग गर्न सकिनेछ तर फारम बापतको शुल्क माथी उल्लेखीत बैक खातामा अनिवार्य रूपमा जम्मा भएको हुनुपर्ने छ ।

**करुणा फाउण्डेसन नेपाल**

**केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ**

**प्रदेश कार्यालय, इटहरी, सुनसरी**

# करुणा फाउन्डेसन नेपाल

| शिलबन्दी बोलपत्र फारम | | | |
|---|---|---|---|
| सूचना जारी गरीएको मितिः २०८१/०७/१५ | | सूचना प्रकाशित गरीएको राष्ट्रीय दैनिकः नागरीक दैनिक | |
| पहुँचयुक्त अपाङ्गता सहायता कक्ष एवं शौचालय निर्माण | | | |
| भवन निर्माण हुने स्थान : सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर परिसर | | | |
| क्र.सं. | निर्मणकार्यको विवरण | सूचनामा तोकिएको अधिकतम मूल्य (म्याट बाहेक) | बोलपत्र दाताको कबोल रकम रू (भ्याट बाहेक) |
| १ | पहुँचयुक्त अपाङ्गता सहायता कक्ष एवं शौचालय भवन निर्माण | ४७,५१,७२२/९६ | |
| अक्षेरुपीः | | | |
| बैक खाताको नाम : करुणा फाउन्डेसन नेपाल | | | |
| खाता नं.: ९०९०११०६०००००२४ | | | |
| बैंकको विवरणः सानीमा बैक, नक्साल | | | |
| कवेल रकमको १० प्रतिशतले हुने धरौटी वा बैंक ग्यारेन्टी (बिड बण्ड) को रकमः रू ..........................................(अङ्कमा) | | | |
| अक्षेरुपीः ........................................................................................................................... | | | |
| जम्मा गरेको मितिः......................................... वा बैंक ग्यारेन्टी (बिड बण्ड) को म्याद मितिः. | | | |

| **प्रस्ताव पेश गर्ने** | |
|---|---|
| कम्पनी/फर्मको नामः | |
| प्रतिनिधिको नामः | |
| ठेगानाः | |
| सम्पर्क नं. | ईमेलः |
| दर्ता प्रमाणपत्रको प्रतिलिपीः ☐ छ ☐ छैन | |
| संस्थाको छापः | |

| |
|---|
| **बोलपत्र साथ निम्न कागजात समेत संलग्न गर्नुपर्नेछः**<br>• फर्म/कम्पनीको अद्यावधिक दर्ता प्रमाण-पत्रको प्रतिलिपी,<br>• मूल्य अभिवृद्धि कर (VAT) प्रमाण-पत्रको प्रतिलिपि,<br>• फर्म/कम्पनीको संक्षिप्त परिचय तथा कार्यअनुभव (Firm/Company Profile),<br>• अद्यावधिक कर चुक्ता प्रमाण-पत्र,<br>• विगत ३ वर्षको औसत वार्षिक निर्माण सम्बन्धी कारोवार रु पचास लाख भन्दा माथिको भएको प्रमाणित गर्ने कागजात वा लेखापरीक्षण भएको वित्तीय विवरण, |
| यस बोलपत्र फारममा उल्लेखीत विवरणहरु मेरो ज्ञान र विश्वास अनुसार सत्य छन् भनी प्रमाणित गर्दछु। यदि यी मध्ये कुनै पनि जानकारी गलत फेला परेमा म/ मेरो संघसंस्थाको शिलबन्दी बोलपत्र रद्द भएमा जिम्मेवार हुनेछु। मैले/संघसंस्थाले करुणा फाउन्डेसन नेपालले तोकेको समयमा पूरा रकम जम्मा गर्न असफल भएमा मेरो/संस्थाको बिड सुरक्षा जफत गर्न सहमत छु । स्वीकृत तथा अस्वीकृत गर्ने सर्वाधिकार करुणा फाउन्डेसन नेपालमा सुरक्षित रहनेछ ।<br><br>हस्ताक्षरः मितिः |